गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय

# प्रदेश जनस्वास्थ्य कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नेपाल

फोन नं: ०७८-४०१०८३
इमेल: honawalpur@gandaki.gov.np

प.स.: २०८२/८३
च. नं.: ५६८

वि.सं: २०८३ असार १ गते सोमबार
नेपाल संवत: ११४६ अनालागा आमै ३०

श्री परिवार कल्याण महाशाखा- स्वास्थ्य सेवा विभाग
टेकु-काठमाडौं।

**विषय: कार्यक्रम सम्पन्न प्रतिवेदन सम्बन्धमा।**

प्रस्तुत विषयमा आ.व. २०८२/८३ को संघ सशर्त अनुदान अन्तर्गत स्वीकृत *"परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवाको तथ्याङ्क सुदृढीकरण (FP Data Pro सहितको तालिम)"* कार्यक्रम निर्देशिका तथा खर्च मापदण्ड बमोजिम सफलतापूर्वक सञ्चालन भई सम्पन्न भएको जानकारीका साथ सो कार्यक्रमको सम्पन्न प्रतिवेदन तथा आ.व. २०८३/८४ का लागि राय तथा सुझावहरू यसै साथ पेश गरिएको व्यहोरा अनुरोध छ।

| क्र.स. | प्रश्न | राय तथा सुझाव |
|---|---|---|
| १ | आगामी आर्थिक वर्ष कार्यक्रम आवश्यक छ ? | *FP Data Pro* प्रणाली तथ्याङ्क विश्लेषण तथा उपयोगका लागि नयाँ प्रणाली भएकाले यसको प्रभावकारी कार्यान्वयनका लागि आगामी आर्थिक वर्षमा समेत कार्यक्रमलाई निरन्तरता दिन आवश्यक |
| २ | बजेट पर्याप्त छ ? | हाल उपलब्ध बजेट पर्याप्त रहेको |
| ३ | निर्देशिका सहयोगी थियो ? | निर्देशिका साथै उपलब्ध *Manual* सहयोगी रहेको र tutorial videos उपलब्ध गराउन सकेमा थप सहयोग हुने, |
| ४ | सम्बन्धित कार्यक्रममा सुधार आवश्यक छ ? | हाल कार्यक्रममा कुनै सुधार आवश्यक नदेखिएको |

केशव प्रसाद चापागाईं
जनस्वास्थ्य प्रशासक

**बोधार्थ**
१. श्री स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।

कार्यालय प्रमुख
प्रदेश जनस्वास्थ्य कार्यालय
नवलपरासी (ब.सु.पूर्व)



Scanned with CamScanner

# कार्यक्रम सम्पन्न प्रतिवेदन
# परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवाको तथ्याङ्क सुदृढीकरण
# (FP Data Pro सहितको तालिम)

**कार्यक्रम सम्बन्धी विवरण**

| विवरण | जानकारी |
|---|---|
| कार्यक्रम कोड | २.७.२२.३२६ |
| बजेट उपशीर्षक नं. | ३७०९१०१४ |
| स्रोत | संघीय सशर्त अनुदान- परिवार कल्याण कार्यक्रम |
| विनियोजित बजेट | रु. १,९०,०००/- |
| कार्यक्रम अवधि | २०८३/०२/२६ देखि २०८३/०२/२८ सम्म |
| स्थान | प्रदेश जनस्वास्थ्य कार्यालयको तालिम हल, कोल्हुवा |
| सहभागी संख्या | २५ जना |
| कार्यक्रम प्रकार | २ दिने FP Data Pro तालिम तथा १ दिने तथ्याङ्क सुधार अन्तरक्रिया एवं तथ्याङ्क गुणस्तर समीक्षा |

## १. पृष्ठभूमि

परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन, अनुगमन तथा प्रमाणमा आधारित निर्णय प्रक्रियाका लागि गुणस्तरीय, पूर्ण, विश्वसनीय तथा समयमै उपलब्ध तथ्याङ्क अपरिहार्य मानिन्छ। स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (DHIS-2) मार्फत परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवासम्बन्धी विभिन्न सूचकहरूको नियमित रूपमा संकलन, प्रतिवेदन तथा विश्लेषण हुँदै आएको छ। यसै प्रणाली अन्तर्गत विकास गरिएको ***FP Data Pro*** ले परिवार योजना कार्यक्रमका प्रमुख सूचकहरू, सेवा उपयोग प्रवृत्ति, विधि मिश्रण (Method Mix), नयाँ प्रयोगकर्ता, सेवा निरन्तरता तथा PPFP/PAFP लगायतका कार्यक्रमगत पक्षहरूको विस्तृत विश्लेषण गर्न सहयोग पुर्‍याउँछ।

Scanned with CamScanner

यसले कार्यक्रमको वास्तविक अवस्था पहिचान गरी आवश्यक सुधारात्मक कदम चाल्न तथा स्रोत साधनको प्रभावकारी परिचालन गर्न महत्वपूर्ण आधार प्रदान गर्दछ। यद्यपि स्थानीय तह तथा सेवा प्रदायक स्वास्थ्य संस्थाहरूमा तथ्याङ्कको गुणस्तर, पूर्णता, समयबद्धता तथा उपयोगका सम्बन्धमा विभिन्न चुनौतीहरू विद्यमान रहेका छन्। तथ्याङ्क संकलन, प्रतिवेदन, विश्लेषण तथा उपयोग प्रक्रियामा एकरूपताको कमी, निजी स्वास्थ्य संस्थाबाट प्राप्त हुने तथ्याङ्क सरकारी संयन्त्रमा नआउनु तथा तथ्याङ्कमा आधारित निर्णय प्रक्रियाको अपर्याप्त प्रयोग जस्ता समस्याहरू देखिएका छन्। यस सन्दर्भमा परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवासम्बन्धी तथ्याङ्क व्यवस्थापनलाई थप सुदृढ बनाउने, FP Data Pro को प्रभावकारी प्रयोगमार्फत विश्लेषण तथा उपयोग क्षमता अभिवृद्धि गर्ने तथा सरकारी र निजी क्षेत्रबीचको तथ्याङ्क समन्वयलाई मजबुत बनाउने उद्देश्यले "परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवाको तथ्याङ्क सुदृढीकरण (FP Data Pro सहितको तालिम)" कार्यक्रम सञ्चालन गरिएको हो।

## २. कार्यक्रमको उद्देश्य

यस ३ दिने परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवाको तथ्याङ्क सुदृढीकरण (FP Data Pro सहितको तालिम) कार्यक्रमको उद्देश्यहरु निम्नानुसार रहेका थिए;

**मुख्य उद्देश्य:** परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवासम्बन्धी तथ्याङ्क व्यवस्थापन प्रणालीलाई सुदृढ गर्दै तथ्यमा आधारित निर्णय तथा कार्यक्रम व्यवस्थापनलाई प्रवर्द्धन गर्नु

**विशिष्ट उद्देश्यहरू**

- FP Data Pro प्रणालीको प्रभावकारी प्रयोग सम्बन्धी क्षमता अभिवृद्धि गर्नु,
- परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवासम्बन्धी तथ्याङ्कको गुणस्तर, पूर्णता तथा समयबद्धता सुधार गर्नु,
- DHIS-2 मा आधारित तथ्याङ्क विश्लेषण तथा उपयोग क्षमता विकास गर्नु,
- सरकारी तथा निजी स्वास्थ्य संस्थाहरूबीच तथ्याङ्क समन्वय तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गर्नु,

Scanned with CamScanner

## ३. कार्यक्रम संचालन

"परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवाको तथ्याङ्क सुदृढीकरण (FP Data Pro सहितको तालिम)" मिति २०८३/०२/२६ देखि २०८३/०२/२८ सम्म प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को तालिम हलमा सफलतापूर्वक सञ्चालन गरिएको थियो। कार्यक्रमको उद्घाटन मिति २०८३/०२/२६ गते प्रदेश जनस्वास्थ्य कार्यालयका कार्यालय प्रमुख तथा जनस्वास्थ्य प्रशासक श्री केशव प्रसाद चापागाईज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो। उद्घाटन सत्रमा परिवार योजना तथा प्रजनन स्वास्थ्य कार्यक्रमको वर्तमान अवस्था, तथ्याङ्क व्यवस्थापनको महत्त्व तथा FP Data Pro प्रणालीको उपयोगिताबारे प्रकाश पारिएको थियो।

कार्यक्रममा जिल्लाका सातवटै स्थानीय तहका परिवार योजना कार्यक्रम फोकल पर्सन, तथ्याङ्क व्यवस्थापनसँग सम्बन्धित कर्मचारीहरू तथा परिवार योजना सेवा प्रदान गर्ने निजी स्वास्थ्य संस्थाका प्रतिनिधिहरू गरी जम्मा २५ जनाको सहभागिता रहेको थियो। कार्यक्रमको सहजीकरण जनस्वास्थ्य अधिकृत श्री सागर पराजुली, श्री पारसमणि पंगेनी तथा श्री शिवशरण पराजुलीद्वारा गरिएको थियो। सहजीकरणका क्रममा प्रस्तुतीकरण, समूह छलफल, व्यावहारिक अभ्यास, प्रश्नोत्तर तथा अनुभव आदानप्रदानका विधिहरू प्रयोग गरिएको थियो।

**कार्यक्रमका प्रमुख विषयवस्तु (कार्यक्रम तालिम प्रतिवेदनसाथ सलंग्न गरिएको छ)**

**पहिलो दिन (२०८३/०२/२६)**

- तालिम परिचय, उद्देश्य तथा अपेक्षा संकलन
- FP Program and Data Overview
- परिवार योजना कार्यक्रमका प्रमुख सूचकहरू
- Routine FP Data Flow
- Data Use for Program Management
- FP Analytics को परिचय
- FP Data Pro को उद्देश्य, संरचना तथा Navigation
- Summary Dashboard को प्रयोग तथा अभ्यास

Scanned with CamScanner

**दोस्रो दिन (२०८३/०२/२७)**

- पहिलो दिनको पुनरावलोकन
- Analytical Dashboard को प्रयोग
- Trend Analysis
- Method Mix Analysis
- Program Priorities Analysis
- PPFP/PAFP Analysis
- Coverage Analysis
- LARC Removals Analysis
- Interactive Analytics
- Report Generation तथा Data Interpretation सम्बन्धी अभ्यास

**तेस्रो दिन (२०८३/०२/२८)**

- दोस्रो दिनको पुनरावलोकन
- DHIS-2 Data Quality Review
- Completeness, Timeliness तथा Consistency Analysis
- Common Data Errors तथा Validation Exercises
- DHIS-2 Data Quality Tools सम्बन्धी अभ्यास
- निजी स्वास्थ्य संस्थासँग तथ्याङ्क प्रतिवेदन तथा समन्वय सम्बन्धी अन्तरक्रिया
- FP Data Strengthening Action Planning
- प्रतिबद्धता तथा समापन सत्र

सहजीकरणका क्रममा प्रस्तुतीकरण, समूह छलफल, व्यावहारिक अभ्यास तथा अनुभव आदानप्रदान विधिहरू प्रयोग गरिएको थियो।

**४. कार्यक्रमका प्रमुख उपलब्धिहरू**

कार्यक्रमबाट निम्न उपलब्धिहरू हासिल भएका छन्:

- सहभागीहरूले FP Data Pro प्रणाली सञ्चालन तथा विश्लेषण सम्बन्धी व्यावहारिक ज्ञान हासिल गरेका छन्,

Scanned with CamScanner

- परिवार योजना कार्यक्रमका प्रमुख सूचकहरूको विश्लेषण तथा उपयोग क्षमता अभिवृद्धि भएको छ,
- स्थानीय तह तथा निजी स्वास्थ्य संस्थाबाट आउने तथ्याङ्कमा DHIS2 मा कायम गर्ने विषयमा साझा समझदारी विकसित भएको छ,
- तथ्याङ्कमा आधारित योजना निर्माण तथा कार्यक्रम व्यवस्थापनका लागि FP Data Pro प्रयोग गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ,
- निजी स्वास्थ्य संस्थाबाट नियमित तथा गुणस्तरीय रिपोर्टिङ सुनिश्चित गर्ने विषयमा छलफल तथा सहमति भएको छ।

## ५. चुनौती तथा आगामी कार्ययोजना

कार्यक्रमका क्रममा परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवासम्बन्धी तथ्याङ्क व्यवस्थापन तथा प्रतिवेदन प्रणालीमा रहेका केही चुनौतीहरू पहिचान भएका छन्। विशेषगरी:

- निजी स्वास्थ्य संस्थाहरूको रिपोर्टिङ प्रणालीमा नियमितताको कमी रहेको
- DHIS-2 मा तथ्याङ्क प्रविष्टि क्रममा प्राविधिक त्रुटिहरू देखिएको,
- तथ्याङ्क विश्लेषण तथा कार्यक्रम व्यवस्थापनमा तथ्याङ्कको उपयोग सम्बन्धी क्षमता विभिन्न तहमा फरक-फरक रहेको,

उक्त चुनौतीहरूको सम्बोधन तथा तथ्याङ्क व्यवस्थापन प्रणालीलाई थप सुदृढ बनाउन निम्न कार्ययोजना अवलम्बन गरिनेछ:

| क्र.सं. | कार्ययोजना | अपेक्षित नतिजा |
|---|---|---|
| १ | नियमित *Data Quality Review*, तथ्याङ्क प्रमाणीकरण तथा तथ्याङ्क समीक्षा बैठक आवश्कता अनुसार सञ्चालन गर्ने | तथ्याङ्कको गुणस्तरमा सुधार हुने |
| २ | *FP Data Pro* को प्रयोग विस्तार गर्दै स्थानीय तह तथा निजी स्वास्थ्य संस्थाको रिपोर्टिङ, विश्लेषण तथा तथ्याङ्कमा आधारित निर्णय प्रक्रियालाई सुदृढ गर्ने | तथ्याङ्कको प्रभावकारी उपयोग बढ्ने तथा प्रमाणमा आधारित योजना तथा कार्यक्रम व्यवस्थापन संस्थागत हुने |

Scanned with CamScanner

## ६. कार्यक्रम निष्कर्ष

परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवाको तथ्याङ्क सुदृढीकरण (*FP Data Pro* सहितको तालिम) कार्यक्रम निर्धारित उद्देश्य अनुरूप सफलतापूर्वक सम्पन्न भएको छ। कार्यक्रमले सहभागीहरूको तथ्याङ्क व्यवस्थापन, विश्लेषण तथा उपयोग क्षमता अभिवृद्धि गर्नुका साथै परिवार योजना कार्यक्रमको प्रभावकारी अनुगमन तथा प्रमाणमा आधारित निर्णय प्रक्रियालाई सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ। साथै सरकारी तथा निजी स्वास्थ्य संस्थाहरूबीच तथ्याङ्क समन्वय र गुणस्तर सुधारका लागि साझा प्रतिबद्धता समेत विकास भएको छ। तालिमका क्रममा सहभागीहरूले *FP Data Pro* प्रणालीको प्रयोगमार्फत परिवार योजना कार्यक्रमका प्रमुख सूचकहरूको विश्लेषण, तथ्याङ्कको गुणस्तर परीक्षण तथा प्रतिवेदन निर्माण सम्बन्धी व्यावहारिक ज्ञान र सीप हासिल गरेका छन्। यसबाट स्थानीय तह तथा सेवा प्रदायक संस्थाहरूमा उपलब्ध तथ्याङ्कको प्रभावकारी उपयोग गरी कार्यक्रमको योजना, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई थप सुदृढ बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

**प्रतिवेदन तयार गर्ने**

सागर पराजुली, जनस्वास्थ्य अधिकृत
प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

मिति: २०८३/०३/०१

Scanned with CamScanner